(१) उप-दफा (२) को खण्ड (छ) को सट्टा देहायको खण्ड (छ) राखिएको छ।

"(छ) श्री ५ को सरकारद्वारा मनोनीत गैर सरकारी व्यक्ति एक सदस्य"

(२) उप-दफा (३) पछि देहायको उप–दफा (३क) थपिएको छ।

(३क) उप-दफा (२) को खण्ड (छ) बमोजिम मनोनीत सदस्यको कार्यविधि दुई वर्षको हुनेछ र कार्यविधि समाप्त भएपछि निजलाई पुन: मनोनीत गर्न सकिनेछ:–

३. मूल आदेशको दफा ४ मा संशोधन : मूल आदेशको दफा ४ को उप–दफा (१) को खण्ड (ख) पछि देहायको खण्ड (ग) थपिएको छ।

"(ग) अन्य कुनै स्रोतबाट प्राप्त रकम"

४. मूल आदेशको दफा १० मा संशोधन : मूल आदेशको दफा १० को सट्टा देहायको दफा १० राखिएको छ:–

१०. नियमहरू बनाउन सक्ने : समितिले आफ्नो कार्य सञ्चालनको लागि आवश्यक नियमहरू श्री ५ को सरकारको स्वीकृति लिई बनाउन सक्नेछ।

आज्ञाले–
नारायणप्रसाद अर्जेल
श्री ५ को सरकारको सचिव

श्री ५ को सरकार

## निर्माण तथा यातायात मन्त्रालयको

## सूचना

नगर विकास समिति ऐन, २०१९ को दफा ३ को उप–दफा (१) र सोही ऐनको दफा ४ को उप–दफा (१) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहाय-बमोजिम अध्यक्ष र सदस्य भएको स्याङ्जा बजार निर्माण समिति तथा बोर्डको गठन गरेको छ।

समिति :

प्रमुख जिल्ला अधिकारी, जिल्ला कार्यालय, स्याङ्जा – – – – – –पदेन अध्यक्ष
जिल्ला पञ्चायत सभापति, जि. पं. का., स्याङ्जा – – – – – –पदेन उपाध्यक्ष
स्थानीय प्रधानपञ्च – – – – – – – – – – – – पदेन सदस्य

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

जिल्ला कार्यालय सा.नि. शाखाका इन्जिनीयर – – – – – – – पदेन सदस्य

जिल्ला पञ्चायतबाट मनोनीत दुई जना प्रतिनिधि – – – – – – – सदस्य

माल वा भूमि प्रशासन कार्यालयका प्रतिनिधि – – – – – – –सदस्य

गण्डकी अञ्चलाधीशज्यूबाट दुई जना मनोनीत व्यक्तिहरू – – – – सदस्य

बोर्ड :

अञ्चलाधीश, गण्डकी अञ्चल – – – – – – – – – – अध्यक्ष

जिल्ला पञ्चायत सभापति, जि.पं.का., स्याङ्जा – – – – – – – सदस्य

पोखरा नगर योजना टोली प्रमुख – – – – – – – – – सदस्य

प्रमुख जिल्ला अधिकारी, जि.का., स्याङ्जा – – – – – – सदस्य–सचिव

प्रस्तुत स्याङ्जा बजार निर्माण समिति तथा बोर्डले नगर विकास समिति ऐन, २०१९ को दफा ६ को अधिकार प्रयोग गर्नुकोसाथै आफ्नो आन्तरिक कार्यविधि आफैं निर्धारण गर्न सक्नेछ।

आज्ञाले–
नारायणप्रसाद अर्ज्याल
श्री ५ को सरकारको सचिव

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

228